# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## ओमसतिया गाउँपालिका

## रुपन्देही




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. ९१६

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ओमसतिया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

**कैफियत सहितको राय**

हामीले ओमसतिया गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. ओमसतिया गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड ९ लाख ४० हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८।१२।८ मा प्राप्त प्रतिक्रियाबाट रू.५ लाख ४ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.११ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४७ लाख ८६ हजार, नियमित गर्नुपर्ने रू.३८ लाख ८८ हजार र पेश्की रू. ६ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु ३ करोड ४६ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड २९ लाख १४ हजार रहेको छ । ओमसतिया गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ** ।

३. ओमसतिया गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

ओमसतिया गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | ५७ | १०९४० | ० | ३ | ५०४ | ५१ | ५४ | १०४३६ | ११३७ | ३८८८ | ४७८६ | ० | ० | ८६७४ | ६२५ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | ३४६५७ | ० | २१७९ | ३२४७८ | ० | १०४३६ | ४२९१४ |



# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : ओमसतिया गाउँपालिका, रुपन्देही , ओमसतिया गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सागर गौतम | २०७८-१०-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कमल प्रसाद शर्मा | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १०,९४०,२४४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,०७,९८,५४३.८९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७,१९,८६,३५० | चालु खर्च | २२,२१,४०,११९.२६ |
| प्रदेश सरकारबाट अनुदान | ४,११,१३,००० | पूँजीगत खर्च | १६,३०,१२,३४७.५ |
| राजश्व बाँडफाँट | ६,८८,०३,७८२.८२ | वित्तीय/अन्य व्यवस्था | ७,७४,३९,१०२.४३ |
| आन्तरिक आय | १,७८,३५,४२५.१९ | | |
| अन्य आय | ५,७१,६३,३१५ | | |
| कुल आय | ४५,६९,०१,८७३.०१ | कुल खर्च | ४६,२५,९१,५६९.१९ |
| बाँकी मौज्दात | | ५,५१,०८,८४८.०८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ओमसतिया गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु ओमसतिया गाउँपालिकाको उद्देश्य रहेको छ । यस ओमसतिया गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ४८.५४वर्ग किलोमिटर क्षेत्रफल तथा ३४१९१ जनसंख्या रहेको छ । | |
| २ | | | **संचित कोष**<br>**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 60798543.89 | १ | चालु खर्च | | 222,140,119.26 |
| | क) नगद | | | २ | पूँजीगत खर्च | | 163,012,347.50 |
| | ख) बैंक | 60798543.89 | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | 132,866,364.38 | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | 17,835,425.19 | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | 68,803,782.82 | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | 46227156.37 | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | 271986350 | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | 120000000 | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | 151986350 | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | 0 | | ५ | धरौटी फिर्ता | 1109426 | 1109426 |
| | घ) विशेष अनुदान | 0 | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 41113000 | ७ | कोष फिर्ता | 41211217 | 41211217 |
| | क) वित्तिय समानीकरण अनुदान | 5263000 | | ८ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | 14850000 | | | क) बैंक मौज्दात | | 48130250.08 |
| | ग) समपुरक अनुदान | 15000000 | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | 6000000 | | ९ | शसर्त अनुदान फिर्ता | 35118459.45 | 35118459.45 |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत वर्षको बढी अल्या | | |
| ६ | अन्य | | | ११ | जनश्रमदान मौज्दात | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | धरौट मौज्दात | 6978598 | 6978598 |
| | ख) सडक बोर्ड नेपाल | | | १३ | कोष खाताको मौज्दात | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | सामाजिक सुरक्षा | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) एन एन एस डब्लु ए | | | 15 | स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम | | |
| ७ | विभिन्न कोषतर्फको आय | 5600000 | 5600000 | 16 | प्रकोप व्यवस्थापन खर्च | | |
| ८ | जनसहभागिता (नगद) | | | 17 | प्रकोप व्यवस्थापन कोष मौज्दात | 3265735 | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | 18 | कर्मचारी कल्याण कोष | 729354 | |
| १० | धरौटी आय | 5336159 | 5336159 | 19 | लैंगिक हिसा निवारण कोष मौज्दात | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | जम्मा | | **517700417** | | जम्मा | | **517700417** |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **छलफल** | |
| ४ | | | **खरिद सम्झौता कार्यान्वयन** | |
| ४.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ । | |
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई दिगो र प्रभावकारी बनाउन योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई हुने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **राजश्व आन्तरिक नियन्त्रण**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको राजश्व सम्बन्धी विवरणमा राजश्व प्राप्त भएको र बैंक दाखिला गरेको मिति नखुलाइएकोले प्राप्त भएको र दाखिला भएको अवधि छुट्याउन सकिदैंन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ ।<br>— नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१<br>— दैनिक राजश्व /आम्दानी खाता म.ले.प फाराम नं. १०२<br>— राजश्व /आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४<br>— राजश्व /आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५<br>— राजश्व /आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६<br>— राजश्व /आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७<br>— राजश्व/ आम्दानीको बैंक नगदी किताब म.ले.प. फा.नं. १०८<br>_ मलेप फा नं ९०४ बमोजिमको रसिद नियन्त्रण खाता नरहेको | |
| ६ | | | **कोभिड १९ सम्बन्धी** | |
| ६.१ | | | क) कोभिड तथा ननकोभिड अस्पताल सञ्चालनको स्थिति ; नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ।कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी गरी जम्मा ४५ जना कर्मचारीको जोखिम भत्ताको रु १९,२९,२१८ खर्च लेखेको छ । त्यसतै, कोभिड अस्पतालमा कर्मचारीको दरबन्दी मेडिकल अधिकृत सहित १० जना र १ जना करारका मेडिकल अधिकृत १ जना सहित ११ जनाको पदपूर्ति रहेको पाइन्छ । अनि कोरोना बिमा वापत १३ जनालाई कोरोना पोजेटिभ देखिएवापत रु १३ लाख भुक्तानी भएको देखियो । कोभिड अस्पतालमा स्वास्थ्य उपकरण सम्बन्धि विवरण निम्न बमोजिम रहेको पाइन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र.स. | स्वास्थ्य उपकरण | संख्या | | |
|---|---|---|---|---|
| | | आवश्यक | उपलब्ध | नपुग |
| १ | एम्बुलेन्स | १ | १ | |
| २ | आइसोलेशन | १ | १ | |
| ३ | भेन्टिलेटर | १ | | |
| ४ | आईसियु बेड | १ | | |
| ५ | पि सि आर मेशिन | १ | | |
| ६ | मास्क | २००० | प्रयाप्त | |
| ७ | पिपीई | १०० | प्रयाप्त | |
| ८ | इन्फ्रारेड थर्मोमिटर | ३ | ३ | |
| ९ | शु कभर | १०० | प्रयाप्त | |
| १० | क्याप | १०० | प्रयाप्त | |
| ११ | ग्लोब्स | | प्रयाप्त | |
| १२ | गोन मिडियन | | | |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार स्वास्थ्य उपकरण सामग्री पर्याप्त रहेको देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | ख) कोभिड आम्दनी र खर्च विवरण ः कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको मसान्त सम्म आम्दानी रु. ७२,८६,०९९।- प्राप्त गरी रु. ४०,२०,३६४।- खर्च गरेको छ ।जसको विवरण देहायअनुसार रहेको छ । | |

| आम्दनी | रकम | खर्च | रकम |
|---|---|---|---|
| संघीय कोभिड कोषबाट | १०००००० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ३८८००० |
| प्रदेश कोभिड कोष | | आईसोलेसन निर्माण व्यवस्थापन | ३४७७९७ |
| स्थानीय तहको आफ्नै बजेटबाट | ४८२६०९९ | जनशक्ति परिचालन | १४१८०४ |
| अन्य स्रोतबाट प्राप्त | १४६०००० | औषधि एंव स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ८९४९१५ |
| | | अन्य शिर्षकमा भएको खर्च | २२४७८४८ |
| | | बाँकी | ३२६५७३५ |
| जम्मा | ७२८६०९९ | | ७२८६०९९ |

पालिकाले उपलब्ध गराएको विवरणमा अन्य शिर्षकमा भएको खर्च रु २२४७८४८ ( यसमा प्रकोप व्यवस्थापनको खर्च समेत रहेको ) र अन्य स्रोतबाट प्राप्त रकम रु १४६०००० (यसमा १३००००० कोरोना बिमाको खर्च समेत रहेको ) जानकारी गराएको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | ग) औषधि, कीट तथा स्वास्थ्य उपकरण खरिद ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले औषधी खरिद गर्दा खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान गरी मात्र खरिद कार्य गर्नुपर्नेमा यस आ.व.मा पालिकाले खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान नगरी पालिकाले औषधी, कीट तथा स्वास्थ्य उपकरणहरु विभिन्न मितिमा पटक पटक गरी ११ पटक भन्दा बढी सोझै खरिद गरी खर्च गरेको रकम रु ८,९४,९१४ देखिन्छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ । | |
| ७ | | | **कर्मचारी दरबन्दी, पदपूर्ती र करार** | |
| ७.१ | | | क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका पशु तथा कृषिका ३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७.२ | | | ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४४ जना कर्मचारीहरु करारमा राखि रु ८७६२६३६ खर्च लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **कानून निर्माणको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ३ वटा नियमावली, १२ कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले १८ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| ९ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १९ र यो बर्ष थप भएको गरी कुल ६८ विवाद दर्ता भएकोमा २० वटा मात्र फछ्र्यौट भई ४८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उपाध्यक्ष श्री सुन्दरमति कुमारी हरिजनले ४९ करोड ६८ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१० मा पारित भएको छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **अवण्डा रकम**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा व्यवस्था रहेकोमा पालिकाले यस आ.व.२०७७\|७८ मा चालु तर्फ अवण्डा रकम रु १५ लाख र पूजीगत तर्फ अवण्डा रकम रु ३५ लाख गरी जम्मा रु ५० लाख अवण्डा राखि खर्च गरेको देखिन्छ । तसर्थ ऐनमा भएको व्यवस्था कार्यान्वयनमा पालिकाको ध्यान जान आवश्यक देखिन्छ । | |
| १२ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| १३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
| --- | --- | --- | --- | --- |
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३५८११३५० | २८२५२२२६.५ | ७८.८९ |
| २ | पूर्वाधार विकास | ११८५१०००० | ९६४८४८८२ | ८१.४१ |
| ३ | सामाजिक विकास | १५८८११००० | १३७१०९००८ | ८६.३३ |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२६४९००० | १५०१४५२७ | ६६.२९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२६३६९४७० | १०३८९७४५५.२६ | ८२.२२ |
| | जम्मा | 462150820 | 380758098.8 | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८६.३३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ६६.२९ प्रतिशत रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५ | | | **अभिलेख व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम कतिपयको प्रोफाइल तयार गरेको तथा कतिपयको प्रोफइल तयार नगरिएको देखियो । तसर्थ सबैको प्रोफाइल तयार गरी व्यवस्थित तरिकाले राख्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | 224983788.76 | 53641172.33 | 57596729.64 | 113745886.79 | 62809791.43 |
| पूँजिगत खर्चतर्फ | 155782310.00 | 8556364.00 | 53093325.00 | 94132621.00 | 53424203.00 |
| जम्मा | 380766098.76 | 62197536.33 | 110690054.64 | 207878507.79 | 116233994.43 |
| प्रतिशत | | 5% | 34% | 60% | 34% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु १५५७८२३१० पुजीगत निकासा भएकोमा प्रथम चौमासिकमा रु. ८५५६३६४ अर्थात ५ प्रतिशत, दोश्रो चौमासिकमा रु ५३०९३३२५ अर्थात ३४ प्रतिशत र तेश्रो चौमासिकमा रु ९४१३२६२१ अर्थात ६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ५३४२४२०३ अर्थात ३४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **विद्यालयगत अभिलेख** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.१ | | | **विद्यालयगत निकासा रजिष्ट्रर:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०६४ को नियम ५६ मा अधिकार प्राप्त अधिकारीले आयव्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| १७.२ | | | नि:शुल्क पाठ्यपुस्तक र छात्रवृत्ति कार्यालयले नि:शुल्क पाठ्यपुस्तक खरिदको लागि विभिन्न विद्यालयलाई रु.१५ लाख ९६ हजार अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने नि:शुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ । विद्यालयहरूको वार्षिक कार्यक्रम अनुसार आधारभुत तह र माध्यमिक तहका छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती कार्यक्रम अन्तर्गत पालिकाले २१ वटा विद्यालयहरूलाई रु ६ लाख ८८ हजार निकाशा दिएको छ । कार्यालयले छात्रवृत्ती रकम लाभान्वीत विद्यार्थीहरूलाई वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रावृत्तीको वितरणमा पारदर्शिता एवं प्रभावकारीता ल्याउनु पर्दछ । | |
| १८ | | | **सम्पत्ति हस्तान्तरण :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १९ | | | **आन्तरिक नियन्त्रण** | |
| १९.१ | | | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाइयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो<br>• साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• अधिकांश सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।<br>• स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• गाउँपालिकाबाट सञ्चालित सवै कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | | | भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्. • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| २० | | | **विविध खर्च** | |
| २०.१ | | | आर्थिक सहायता– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ७८८१०४।-आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २०.२ | | | खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२४ लाख ५९ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **वित्तीय विवरण परीक्षण**<br>कल्याण कोष– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व वाँडफाडबाट कर्मचारी कल्याण कोषमा रु.३००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | ३००,००० |
| २२ | | | **पेश्की व्यवस्थापन**<br>पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम ५२(३) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| २३ | | | **सामाजिक सुरक्षा भत्ता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ (१) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको अन्तिम किस्ता सामाजिक सुरक्षा भत्ता लेखापरीक्षणको लागि छनोट गरी परीक्षण गर्दा निम्नानुसार वडाको सामाजिक सुरक्षा भत्ता वितरणको लागि तोकिएको बैंक बाट फिर्ता भएको रकम हालसम्म पनि संघीय संचित कोषमा दाखिला भएको पाईएन । कार्यालयले निम्नानुसार 4 वटा बैंकबाट फिर्ता भएको सामाजिक सुरक्षा भत्ता रु.1179405/- संघीय बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको रु. | १,१७९,४०५ |

| गो.भौ.नं. र मिति | वडा नं र रकम फिर्ता गरेको बैंक | रकम |
|---|---|---|
| 28-2078/03/22 | वडा नं. 6 साईन रेसुङ्गा विकास बैंक | 337255 |
| 27-2078/03/22 | वडा नं.5 प्रभु बैंक लिमिटेड | 150150 |
| 23-2078/03/22 | वडा नं. 2 कामना सेवा विकास बैंक | 389000 |
| 29-2078/03/21 | वडा नं. 4 नेपाल बंगलादेश बैंक | 303000 |
| जम्मा | | 1179405 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा 23 (5) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरेको छैन । कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुले निष्कृय खाताको विवरण तोकिएको समयाविधिमा तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २४ | | | **शिक्षण सिकाई अनुदान** | २९,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम अनुसार शिक्षण सिकाई सामग्री व्यवस्थापन अन्तर्गत पुर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी रु. ५०० ,कक्षा ६-८ र कक्षा ९-१० लाई प्रति विद्यार्थी २०० तथा कक्षा ११-१२ लाई प्रति विद्यार्थी रु. २५० का दरले अनुदान उपलव्ध गराउने उल्लेख छ ।कोभिडका कारण विधार्थी संख्या यकिन गर्न नसकिएकाले पालिकाले फ्लास रिपोर्ट र अनुगमन गरी विधार्थी संख्या यकिन गरी वास्तविक संख्याको आधारमा अनुदान उपलब्ध गराउनु पर्ने देखिन्छ । निम्न विधालयहरुलाई नमुना छनौटको रुपमा परिक्षण गर्दा निम्न विधालयहरुलाई फ्लास रिपोर्टमा भएको विधार्थी संख्या भन्दा बढी संख्याको अनुदान दिएको असुल गर्नुपर्ने रु

| सि.नं. | विद्यालयको नाम | बालविकास | | | कक्षा १-५ सम्म | | | कक्षा ६-१० सम्म | | | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निकासा संख्या | विधार्थी संख्या | बढिमा ५००का दरले | निकासा संख्या | विधार्थी संख्या | बढिमा १५०का दरले | निकासा संख्या | विधार्थी संख्या | बढिमा २०० का दरले | |
| 1. | श्री ठुटीपिपल मा.वि. | ३५ | २५ | ५००० | ० | | | ० | | | ५००० |
| 2. | श्री कोटही आ.वि | ५४ | ३५ | ९५०० | ० | | | ० | | | ९५०० |
| 3. | श्री जनता आ.वि. | ५३ | ४८ | २५०० | ० | | | ० | | | २५०० |
| 4. | श्री सृजना आ.वि. | ३८ | १७ | १०५०० | ० | | | ० | | | १०५०० |
| 5. | श्री शमशेर स्मृति आ.वि. | ४४ | ४० | २००० | ० | | | ० | | | २००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | २९५०० | |
| २५ | १८४ | २०७८-२-२१ | **पोशाक भत्ता**<br>शिक्षकको तलब निकासा दिँदा माग फारामको आधारमा चेक जाँच गरी दरबन्दी अनुसारको तलब भत्ता भुक्तानी गर्नुपर्दछ । गो.भौ.नं. १८४-२०७८।२।२१ बाट जन्ता आ.वि. लाई तेस्रो चौमासिक निकासामा ७ जनाको पोसाक भत्ता बापत रु १०००० का दरले रु.७०००० भुक्तानी गरेकोमा निकासा मागफारममा दरबन्दी शिक्षकहरुको संख्या ६ जना मात्र भएको पाईयो । बढी निकासा फिर्ताको सम्बन्धमा जन्ता आ.वि.ले बढी निकासा भएको रकम एकमुष्ट रु १९,९९७ पालिकाको चालु खातामा जम्मा गरेको देखिन्छ । तसर्थ पोसाक भत्ताको वापतको रु १०००० फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने अथवा निकासा फिर्ता नभएको भए सम्बन्धितबाट असुल गरी फिर्ता गर्नुपर्ने रु | | | १०,००० |
| २६ | | | **अनुदानको गुणस्तर र सदुपयोग**<br>लेखापरीक्षण प्रतिवेदनः÷ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका विषयहरु उल्लेख नभएकोले तोकीएको कार्यक्रममा खर्च भए नभएको सम्बन्धमा फोटो सहितको अनुगमन र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. | | | १,३००,००० |

| सि.न. | विधालयको नाम | अनुदान शिर्षक | निकासा |
|---|---|---|---|
| १ | जनजागृति मावि | साइन्स ल्याब | ६५०००० |
| २ | ठुटिपिपल मावि | आइसिटि ल्याब | ६५०००० |
| | जम्मा | | १३०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **कार्य सम्पादन जमानतको म्याद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उपनियम ४ मा खरिद सम्झौता गर्दा निर्माण व्यवसायीले कार्यसम्पादन जमानत निर्माण कार्यको त्रटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेकोमा देहायमा उल्लेख गरिएका ठेक्काहरुको निर्माण व्यवसायीले समयमा निर्माण काम नगरेकोले म्याद थप गरेको अवस्थामा कार्य सम्पादन जमानतको म्याद थप नगरी निर्माण कार्यको म्याद थप गर्नु नियम सम्मत देखिएन । तसर्थ नियममा भएको व्यवस्था अनुसार कार्य सम्पादन जमानतको म्याद त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढीको नपाइएकोले पालिकाले म्याद थप गराउनु पर्ने र यसमा सुधार हुनुपर्दछ । | |

| ठेक्का नं | कामको बिबरण | निर्माण व्यवसायीको नाम | कार्य सम्पादन जमानत रकम | निर्माण कामको सम्पन्न मिति | कार्य सम्पादन जमानतको अबधि | नपुग अबधि | |
|---|---|---|---|---|---|---|---|
| २०।०७६। ७७ | जनजागृति बिद्यालय निर्माण | सैनामैना आयुष जे भि | १९७९९६० | २०७८।३।१५ | २०७८।४।३२ | १२ महिना | |
| २७।०७६। ७७ | रोहिणि खोलामा रिभर ट्रेनिङ्ग | ए एण्ड ए बिल्डर्स | २९८३८२९ | २०७८।२।१५ | २०७८।३।२४ | १२ महिना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **पि एस आइटमको भुक्तानि**<br>देहायमा उल्लेख गरिएका ठेक्काहरुबाट बिभिन्न निर्माण कार्य गर्दा पालिका र निर्माण व्यवसायीबिच भएको सम्झौता अनुसार पि एस आइटममा राखिएका आइटमहरुको भुक्तानि दिएकोमा सो को बिल भरपाइ पेश नभएको तथा पेश भएका बिल भरपाइको फोटोकपि बिल भरपाइ पेश भएको हुनाले सम्बन्धित निर्माण व्यवसायीबाट बिल भरपाइ पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | २००,१२० |

| पि एस आइटम | ठेक्का नं र निर्माण व्यवसायी | ठेक्का नं र निर्माण व्यवसायी | ठेक्का नं र निर्माण व्यवसायी | जम्मा |
|---|---|---|---|---|
| | २०।०७६।७७,सैनामैना आयूष जे भि | २१।०७६।७७,अबिशा निर्माण सेवा | २७।०७६।७७,ए एण्ड ए बिल्डर्स काठमाडौं | ३ |
| बिमा | ० | १०००० | ३९६२० | ४९६२० |
| ल्याब टेष्ट | २०००० | २०००० | १०५०० | ५०५०० |
| क्याम्प | २०००० | २०००० | २०००० | ६०००० |
| एज बिल्ट ड्रइङ्ग | २०००० | ० | २०००० | ४०००० |
| जम्मा | ६०००० | ५०००० | ९०६२० | २००१२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **नापी किताब**<br>नापी किताबः निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं. 503 मा उल्लेख गर्नुपर्ने गरि महालेखा परीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यलयले लागु गरेको छ।उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरि नापिजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्थ छ।साथै नापि किताबमा कम्प्युटर प्रिन्ट निकाली टाँसेको देखियो। अतःनापी किताबमा खुलाउनुपर्ने व्यहोरा सबै खुलाई नियत्रण खाता म.ले.प.फा.नं. 512 मा अभिलेख जनाई नापी किताब प्रयोगमा ल्याउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३० | | | **बढी भुक्तानी**<br>गाउँपालिकाको वडा नं ६ मा बाउण्ड्रिवाल निर्माण गर्न ठेक्का नं२१।०७६।७७ का निर्माण व्यवसायी अबिशा निर्माण सेवाले मिति २०७७।१२।३१ मा निर्माण काम सम्पन्न गरी कुल प्राबिधिक मूल्यांकन रु ८९३३९७३।०० भएकोमा गत आर्थिक वर्ष २०७६।७७ मा रु ४९६९३७५।०० र यस आर्थिक वर्षमा रु ३९६८३०४।०० गरी जम्मा रु ८९३७६७९।०० भुक्तानि दिएको देखिएको हुनाले सम्झौता अनुसार प्राबिधिक मूल्यांकन भन्दा रु ३८०६।०० बढी भुक्तानि भएको असुल हुनुपर्ने रु | ३,८०६ |
| ३१ | | | **सुरक्षित आवास निर्माण**<br>नेपाल सरकार तथा पालिकाबाट बजेट बिनियोजन भइ सम्पन्न हुने सम्पत्ति पूर्ण रुपमा प्रयोगमा ल्याई लगानिको उचित र प्रभावकारी रुपमा सदुपयोग हुनुपर्दछ । तर यस पालिकाको वडा नं ३ रोहिणि खोला किनार लहरौलिमा बिपतमा परेका नागरिकहरुको लागि सुरक्षित आवास निर्माणको लागि आ ब २०७५।७६ मा उपभोक्ता समितिबाट निर्माण गरी रु ४०४६८४७।०० खर्च भएको एवम आ ब २०७६।७७ मा बजेट व्यवस्था भएतापनि निर्माण कार्य उपभोक्ता समिति वा बोलपत्र कुन बिधिबाट निर्माण गर्ने सम्बन्धमा बिबाद भएको कारण निर्माण कार्य नभएकोमा यस वर्ष बोलपत्रको माध्यमबाट ठेक्का नं १।०७७।७८ निर्माण व्यवसायी मुक्तिनाथ निर्माण सेवाले गरी रु ३३८२३४२।०० भुक्तानि भइ जम्मा रु ७४२९१८९।०० भुक्तानि भएको देखियो । पालिकाले सो भवन लालपूर्जा नभएको ऐलानी जग्गामा २ तले घर प्रत्येक कोठामा एट्याच बाथरुम सहित १२ वटा कोठाको भवन निर्माण भएकोमा ऐलानि जग्गामा निर्माण भएको पालिकाले रेखदेख गरेकोमा हाल सो भवन प्रयोग बिहिन भइ लगानि सदुपयोग भएको पाइएन । गत बिगतमा उपभोक्ता समितिबाट निर्माण काम गरेको २ वर्ष पश्चात बोलपत्रको माध्यमबाट निर्माण काम गरेको हुदाँ उपभोक्ता समिति र निर्माण व्यवसायीबाट भएको काममा दोहोरोपना भए नभएको सम्बन्धमा यकिन हुन सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **कार्य सम्पादन जमानतको फुकुवा**<br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११० मा निर्माण व्यवसायिले सम्झौतामा तोकिएको म्यादभित्र सम्झौता गर्नु पूर्व वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र सो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । वडा नं ६ को वडा कार्यालयको कम्पाउण्डवाल निर्माण गर्न ठेक्का नं २१।०७६।७७ निर्माण व्यवसायी अबिषा निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि काठमाडौंले प्राइम बैंक कोटेश्वर शाखाको मिति २०२२।८।१५ सम्म म्याद भएको रु १२००२९६।०० को जमानत पेश गरेकोमा पालिकाले प सं २०७७।७८ च नं २२३५ मिति २०७८।१।५ गते प्राइम बैंक कोटेश्वर शाखाको बैंक जमानत फुकुवाको लागि पत्राचार भुलबश भएकोले पुन: सोहि ठेक्काको लागि मिति २०७९ साल साउन मसान्तसम्मो म्याद भएको कार्य सम्पादन जमानत यस कार्यालयमा उपलब्ध गराइदिनु हुन भनि प सं २०७८।७९ च नं १३० मिति २०७८।४।२१ मा अबिषा निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि काठमाडौंलाइ पत्राचार गरेको पाइयो । सो निर्माण कार्य २०७८ बैशाख १४ गते सम्पन्न भएकोले निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त नहुँदै कार्य सम्पादन जमानतको बैंक जमानत फुकुवा गरेकोले सो जमानत पेश हुनुपर्ने रु..... | १,२००,२९६ |
| ३३ | | | **ठेक्को गोश्वरा लगत**<br>ठेक्काबाट हुने निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियमा १२१ मा खरिद सम्झौता बमोजिम समयमै निर्माण काम सम्पन् गर्न नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था रहेको छ । देहायका निर्माण काममा निर्माण काम सम्झौतामा तोकिएको समयमा निर्माण सम्पन्न नगरेको तथा पालिकाबाट म्याद थप समेत भएको प्रमाण पेश नभएको कारण नियममा व्यवस्था भए अनुसार पूर्व निर्धारित क्षतिपूर्ति रु.३११०१५ असुल गरी राजस्व दाखिला हुनुपर्ने रु..... | ३११,०१५ |

| ठेक्का नं | निर्माण व्यवसायि | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न भएको मिति | ढिलो दिन | क्षतिपूर्ति रकम |
|---|---|---|---|---|---|---|
| १।०७७।७८ | मुक्तिनाथ निर्माण सेवा | ३३१६८८३ | २०७७।१२।२० | २०७८।२।१५ | ५५ | ९११९० |
| ५।०७७।७८ | दिर्घायु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९७७०११३ | २०७८।२।१५ | २०७८।३।३० | ४५ | २१९८२५ |
| जम्मा | | | | | | ३११०१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **सम्झौता बिपरित पेश्कि**<br>सार्वजनिक खरिद ऐन तथा नियमावलि र निर्माण व्यवसायीसँग भएको सम्झौताको जि सि सि को ११.९ मा पेश्कि नदिइने स्पष्ट व्यवस्था भएको अवस्थामा बसन्तपुर माध्यमिक बिद्यालय भवन निर्माण गर्न रिजेन्सि बिल्डर्स प्रा लि सँग रु ३७९०४७३।०० मा मिति २०७८।३।१३ मा सम्झौता भई गोश्वरा भौचर नं २०। २०७८।३।२२ अर्थात सम्झौता भएको ८ दिन पश्चात रु ७५८०००।०० पेश्कि दिएको देखिएको हुनाले सम्झौताको शर्त बिपरित पालिकाले पेश्कि उपलब्ध गराएकोले सम्झौताको पालना भएको पाइएन साथै निर्माण व्यवसायीलाइ दिएको पेश्कि रकमको प्रचलित ऐन कानून अनुसार व्याज असुल हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **भेरिएशन आदेश बिना भुक्तानि**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा १ मा सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई ५ प्रतिशतसम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्रांकित द्बितिय श्रेणी वा सो सरहको प्रमुखले जारि गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले देहायका बोलपत्रहरुमा भेरिएशन आदेश जारि तथा स्विकृत नगरी निर्माण व्यवसायिहरुलाइ भुक्तानि दिएकोले प्राबिधिक पुष्टाइ र कारण खुलाई भेरिएशन स्विकृत गरेको प्रमाण पेश हुनुपर्ने रु · | ४५७,८८९ |

| ठेक्का नं | काम | बि ओ क्यू रकम | प्राबिधिक बिल रकम | बढी बिल रकम | बढी प्रतिशत |
|---|---|---|---|---|---|
| १।०७७।७८ | वडा नं ३ रोहिणि खोला किनार लहरौलिमा सुरक्षित आवास | ३३१६८८३ | ३३८२३४२ | ६५४५९ | १.९७ |
| २१।०७६।७७ | वडा नं ६ को वडा कार्यालयको वाउण्ड्रीवाल | ८७८५२६४ | ८९३३८७३ | १४८६०९ | १.६९ |
| २०।०७६।७७ | जनजागृति मा बि भवन निर्माण वडा नं ३ | १३६५७९४९ | १३९०१७७० | २४३८२१ | १.७९ |
| जम्मा | | | | ४५७८८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **पि एस आइटमको बिल भरपाइ**<br><br>देहायमा उल्लेख गरिएका ठेक्काहरुबाट बिभिन्न निर्माण कार्य गर्दा पालिका र निर्माण व्यवसायीबिच भएको सम्झौता अनुसार पि एस आइटममा राखिएका आइटमहरुको भुक्तानि दिएकोमा सो को बिल भरपाइ पेश नभएको तथा केहिको बिल पेश भएकोमा बिल भरपाइ भएकोमा फोटोकपि बिल बिजकको आधारमा भुक्तानि दिएको पाईएकोले देहायका निर्माण व्यवसायीबाट सक्कल बिजक तथा भरपाइ पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १३८,५२७ |

| पि एस आइटम | ठेक्का नं १।०७७।७८ मुक्तिनाथ निर्माण सेवा | ठेक्का नं ५।०७७।७८ दिर्घायु कन्स्ट्रक्सन | ठेक्का नं २१।०७७।७८ अबिशा निर्माण सेवा | जम्मा |
|---|---|---|---|---|
| बिमा | १०००० | २४९५६ | १०००० | ४४९५६ |
| ल्याबटेष्ट | २०००० | २३५७१ | २०००० | ६३५७१ |
| एजबिल्ट ड्रइङ्ग | ० | २०००० | १०००० | ३०००० |
| जम्मा | ३०००० | ६८५२७ | ४०००० | १३८५२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **लागत अनुमानको स्विकृति**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ र १५ अनुसार लागत अनुमान लागत अनुमान तोकिए बमोजिम स्वीकृति गरी निर्माण कार्य नियममा तोकिएको बिधि अपनाइ निर्माण कार्य गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले देहायमा उल्लेख गरिए अनुसार लागत अनुमान स्विकृति नगरी निर्माण कार्य गराएको पाइएको हुनाले नियममा भएको प्रावधानको पालना भएको पाइएन । तसर्थ यसमा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| ठेक्का नं | कामको बिबरण | लागत अनुमान | खरिद बिधि |
|---|---|---|---|
| १।०७७।७८ | सुरक्षित आवास निर्माण वडा नं ३ | ३८८२१७१ | बोलपत्र |
| ५।०७७।७८ | ढुटे पिपल उच्च मा बि भवन वडा नं१ | १४७२८७९८ | बोलपत्र |
| ८।०७७।७८ | गा पा भवनदेखि सेखुवान मन्दिर कालोपत्रे वडा नं ३ | ५०७३१४६ | बोलपत्र |
| १२।०७७।७८ | बसन्तपुर बिद्यालय भवन वडा नं ४ | ५२७२९३१ | बोलपत् |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **निर्माण कार्य अधुरो**<br>ठटेरीहवामा कृषि बाँध निर्माण गर्न बोलपत्रको माध्यमबाट (ठेक्का नं २५।२०७६।७७) ओमसतिया वडा नं ३ ठटेरीहवामा कृषि बाँध निर्माण गर्न बोलपत्रको माध्यमबाट ठेक्का नं २५।२०७६।७७ बाट निर्माण व्यवसायि ए एण्ड ए बिल्डर्स काठमाडौंसँग मिति २०७८।२।१५ सम्म सम्पन्न गर्नेगरी रु १२९१९४५१।०० मिति २०७७।३।२५ मा सम्झौता भएको पाईयो । सार्वजनिक खरिद ऐन तथा नियमावली र सम्झौता बमोजिम निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समयमा सम्पूर्ण काम गर्नुपर्नेमा ३० प्रतिशत मात्र काम गरी पालिकाले गत आर्थिक वर्ष २०७६।७७ मा दोश्रो रनिङ्ग बिलसम्म रु ३८४३५१८।०० भुक्तानि गरेकोमा निर्माण व्यवसायीले निर्माण काम सम्पन्न नगरेको एवम पालिकाबाट म्याद थप नभइ सो निर्माण कार्य अधुरो रहन गइ जुन उद्धेश्यको लागि काम शुरु भएको थियो सो उद्धेश्य पूरा नभइ लाभान्वित हुने जनताहरु सेवाबाट बञ्चित हुन गएको तथा निर्माण काम अधुरो रहेको कारण लगानि रकम खेर हुन गएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन ।<br>(१) सार्वजनिक खरिद नियमावली २०६४ को नियमा १२१ मा खरिद सम्झौता बमोजिम समयमै निर्माण काम सम्पन् गर्न नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था रहेको छ । ओमसतिया वडा नं ३ ठटेरीहवामा कृषि बाँध निर्माण गर्न बोलपत्रको माध्यमबाट ठेक्का नं २५।२०७६।७७ बाट निर्माण व्यवसायि ए एण्ड ए बिल्डर्स काठमाडौंसँग मिति २०७८।२।१५ सम्म सम्पन्न गर्नेगरी रु १२९१९४५१।०० मिति २०७७।३। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २५ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले निर्माण काम सम्पन्न नगरको तथा पालिकाले म्याद थप समेत नगरेको हुदाँ निर्माण अवधि समाप्त भएको मितिले आर्थिक वर्षको अन्त्यसम्म ४५ दिनको पूर्व निर्धारित क्षतिपूर्ति दैनिक रु.६४६०।०० को दरले रु.२९०७००।०० असुल गरी राजस्व दाखिला हुनुपर्ने रु.....<br>(२) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र ६३ बमोजिम कार्य सम्पादन सन्तोषजक नभएको ठटेरीहवामा कृषि बाँध निर्माण ठेक्का नं २५।२०७६।७७ बाट निर्माण व्यवसायि ए एण्ड ए बिल्डर्स काठमाडौंसँग गरेको ठेक्का तोडी कालो सूचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनुपर्नेमा पालिकाले सो गरेको नदेखिएको कारण निर्माण व्यवसायी सो कारवाहीबाट उन्मुख्ती पाएको देखिन्छ ।<br>(३) सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का संझौतामा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समय अबधिभित्र ठेक्काको काम सम्पन्न गर्नु पर्दछ । भेरिएसन र असाधारण परिस्थितमा बाहेक निर्माण व्यवसायीको ढिलासुस्तीको कारणबाट म्याद थप गर्नु परेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउने,कार्य सम्पादन सन्तोषजनक नभएमा पेश्की जमानी जफत गर्ने,ठेक्का तोड्ने,कार्य सम्पादन जमानी जफत गर्ने र कालो सूचिमा राख्ने व्यवस्था छ । तर ठटेरीहवामा कृषि बाँध निर्माण गर्न ठेक्का नं २५।२०७६।७७ निर्माण व्यवसायि ए एण्ड ए बिल्डर्स काठमाडौंले संझौतामा उल्लेख गरेको समयमा काम सम्पन्न नगरी निर्माण काम अधुरो राखेको अवस्थामा कार्य सम्पादन जमानत तथा पेश्कि जमानत जफत गर्नको लागि ति जमानतहरुको म्याद क्रमश कार्य सम्पादन जमानत सनराइज बैंकको रु १६२७१५६।०० को म्याद मिति २०७८३।२४ र पेश्कि जमानत सोही बैंको रु १७३५८९१।०० को म्याद मिति २०७८३।२५ सम्म रहि बैंक जमानतहरुको म्याद समाप्त भइ सकेको कारण बैक जमानत वापत रकम जफत गर्न समस्या परेको कारण निर्माण व्यवसायीको धरौटि जफत गर्नुपर्दछ ।<br>(४) आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० र सम्क्षौताको जि सि सि को दफा ५७ बमोजिम निर्माण कार्यको ८० प्रतिशत कार्य सम्पन्न भइ भुक्तानी हुदाँ निर्माण व्यवसायीलाई दिएको सम्पूर्ण पेश्कि कट्टा गर्नुपर्ने र कट्टा हुन बाँकि पेश्कि रहेमा सोही नियमको नियम ५० मा बार्षिक १० प्रतिशतका दरले व्याज असुल हुनुपर्ने व्यवस्था रहेकोमा ठेक्का नं २५।२०७६।७७ निर्माण व्यवसायि ए एण्ड ए बिल्डर्स काठमाडौंलाई निर्माण कामको आर्थिक वर्ष २०७६।७७ मा दोश्रो रनिङ्ग बिलसम्म रु ३८४३५१८।०० भुक्तानि भएको र म्याद थप नभएको निर्माण काम समेत नगरेको अवस्थामा सो निर्माण सेवालाइ दिएको पेश्कि मध्ये रु १६६३९८।०० पेश्की फछ्यौंट गर्न बाँकि देखिएकोले सम्झौतामा तोकिएको शर्त, तथा नियमानुसार व्याज समेत असुल गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **सूचना टाँस र सामाजिक लेखापरीक्षण**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97(7) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गराउनु पर्ने, उपनियम 12 मा कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकी स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले विभिन्न प्रकृतिका 126 वटा उपभोक्ता समितिलाई कार्य गराए बापत रु.7,78,72,008.63 भुक्तानि गरेकोमा उपभोक्ता समितिले खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको र सामाजिक लेखापरीक्षण नगराएको साथै कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । नियमावलीमा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन र परिचालन गरिनु पर्दछ । | |
| ४१ | 361 | २०७८-३-३० | **उपभोक्ता समिति र सम्झौता**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97(3) मा उपभोक्ता समितिको निवेदन प्राप्त भएपछि आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि उल्लेख गरी सम्झौता गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले गंगापुर कालोपत्रे निर्माण उपभोक्ता समिति सँग रु.882156 लागत अनुमानमा कार्यालयले रु.776000/- र उपभोक्ताले रु.106156.97 बेहोर्ने गरी मिति 2078/02/26 मा सम्झौता गरेको पाईयो । आर्थिक वर्ष समाप्त हुनुभन्दा एक महिना मात्र बाँकी रहेको अवस्थामा निर्माण सम्पन्न हुने सुनिश्चिताको आँकलन नगरी सम्झौता गरेकोले उपभोक्ता समितिले सवग्रेड र सव-बेसको काममात्र रु.277429.24 सम्पन्न गरी उपभोक्ता समितिलाई रु.244043/- भुक्तानी गरेको छ । कालोपत्रे गर्ने कार्य बर्षायाममा सम्पन्न गर्ने गरी सम्झौता गरेकोले योजना समयमा सम्पन्न हुन सकेको देखिएन । कार्य प्रकृति अनुसार योजनाको सम्झौता समयमा नै सम्पन्न गर्ने अवस्थाको सुनिश्चितता आँकलन गरेर मात्र सम्झौता गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **कालोपत्रे गर्न उपभोक्ता समिति गठनः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 (9) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नमिल्ने तथा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले कालोपत्रे गर्ने कार्यको लागि बर्दिहवा बाटो निर्माण उपभोक्ता समिति गठन गरी रु.1746625/- लागत अनुमानमा मिति 2078/01/08 मा उपभोक्ता समितिले 11.14 प्रतिशत अंश वेहोर्ने गरी सम्झौता भएको छ । सम्झौता हुँदाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख गरेको नभएपनि कालोपत्रे गर्ने कार्यमा श्रमिक ज्याला बापत रु.312285/- लेवर मेट कपिलले एकमुष्ट बुझेको र निज मानिसको नाम संलग्न डोर हाजिरीमा रहेको पाईएन । डोर हाजिरीमा नाम संलग्न नभएको व्यक्तिले श्रमिकको ज्याला एकमुष्ट बुझेको पाईएकोले उक्त निर्माण कार्य निर्माण व्यवसायीबाट गराएको होईन भन्ने आधार देखिएन । कार्यालयले कालोपत्रे जस्तो जटिल प्रकृतिको कार्य र हेभी ईक्वीप्मेण्ट प्रयोग गरी सम्पन्न हुने कार्य उपभोक्ता समिति गठन गरी संचालन गर्नु हुँदैन । यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **उपभोक्ताबाट मू अ कर कट्टा नभएको**<br>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (ग) मा ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत सम्बन्धित राजश्व शिर्षकमा र वाँकि ७० प्रतिशत सम्बन्धित फर्म लाई भुक्तानि दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमको उपभोक्ता समितिहरु लाई निर्माण कार्य गराएको ति उपभोक्ता समितिले आपूर्तिकर्ताहरुबाट सामान खरिद गर्दा विजकमा उल्लेख मू अ कर को ३० प्रतिश कट्टा गरि राजश्व दाखिला गरेको छैन । उक्त विजक अनुसार पालिकाले पनि मू.अ.कर वापत ३० प्रतिशन कट्टा नगरेकोले पालिकाले नियममा व्यवस्था भए बमोजिम मूल्य अभिबृद्धि कर कट्टा गरी राजश्व दाखिला गर्नु गराउनु पर्दछ । यस सम्बन्धि केहि उदाहरणहरु देहाय बमोजिम रहेको छ । | |

| योजना र उपभोक्ताको नाम | बिबरण | रकम | मू अ कर रकम | ३० प्रतिशत मू अ कर रकम |
|---|---|---|---|---|
| शम्शेर आ बि पूर्व नरैनापुर सडक कालोपत्रे | बिभिन्न सप्लायर्सको १६ बिजक | २३७५१७४ | २७३२५० | ८१९७५ |
| दुर्गा मन्दिर पछाडी कालोपत्रे | बिभिन्न सप्लायर्सको ३१ बिजक | १३०८६२० | १५०५४९ | ४५१६५ |
| खुन्सा लालपुर सडक निर्माण | बिभिन्न सप्लायर्सको १२ बिजक | १३४६७९८ | १५४९४१ | ४६४८२ |
| भेलाइ गाउँ सडक निर्माण | बिभिन्न सप्लायर्सको ६ बिजक | १२४०१०७ | १४२६६७ | ४२८०० |
| सियारी गा पा सिमानादेखि कर्मडांडासम्म कालोपत्रे | बिभिन्न सप्लायर्सको २३ बिजक | २५६००२० | २९४५१६ | ८८३५५ |
| तरकुलादेखि सेखुवानासम्म सडक कालोपत्रे | बिभिन्न सप्लायर्सको ३५ बिजक | १४९६२२९ | १७२१३२ | ५१६४० |
| पननि पि सि सि ढलान | बिभिन्न सप्लायर्सको १८ बिजक | १२०९९४५ | १३९१९७ | ४१७५९ |
| पुनपपथदेखि केवटलिया सडक ग्राभेल | बिभिन्न सप्लायर्सको ११ बिजक | ३८७९१५० | ४४६२७४ | १३३८८२ |
| अधुरो थारु संग्रहालय भवन निर्माण | बिभिन्न सप्लायर्सको १५ बिजक | १५९७३४२ | १८३७६५ | ५५१३० |
| बृन्दावन पि सि सि | बिभिन्न सप्लायर्सको ६ बिजक | १०३९३३४ | ११९५६९ | ३५८७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **उपभोक्ता समिति दर्ता नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट गराइ भुक्तानी गरेकोमा नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहाय अनुसार उपभोक्ताहरु दर्ता भएको पाइएन । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन । | |

| सि नं | उपभोक्ताको नाम | मूल्यांकन रकम | पालिकाले व्यहोरेको रकम | उपभोक्ताले व्यहोरेको रकम |
|---|---|---|---|---|
| १ | पटखौलि अधुरो सामुदायिक भवन | ८०९६५९ | ७२३९१७ | ८५७४२ |
| २ | शम्शेर आ बि पूर्व नरैनापुर बाटो कालोपत्रे | २७०४७३६ | २४०७३५४ | २९७३८२ |
| ३ | प्रसौनि बाटो कालोपत्रे | १११३२३२ | ९७०००० | १४३२३२ |
| ४ | दुर्गा मन्दिर पछाडि कालोपत्रे | १६२४०९८ | १४५३३६२ | १७०७३६ |
| ५ | खुन्सा लालपुर सडक निर्माण | १६४२९९७ | १४४६९९७ | १९६००० |
| ६ | भगत सर्वजित स्मृति अधुरो भवन निर्माण | १६२०२०६ | १४४५९२० | १७४२८६ |
| ७ | पालिका कोसेलि घर | १२४७७२० | ११२०००० | १२७७२० |
| ८ | भेलाइ गाउँ सडक निर्माण | १६१८८६४ | १४४३६७९ | १७५१८५ |
| ९ | सियारी गा पा सिमानादेखि कर्मडांडा कालोपत्रे | ३१७५६९६ | २८३००९५ | ३४५६०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १० | हाटी फर्सटिकर स्वास्थ्य चौकी | १०६९८७२ | ९५०८२४ | ११९०४८ |
| ११ | रामजानकी मन्दिर प्रसौनि कुटीको कम्पाउण्ड वाल | १३०७७०२ | ११६४४०९ | १४३२९३ |
| १२ | वृन्दावन पि सि सि ढलान | १६३५८४९ | १४५५००० | १८०८४९ |
| १३ | राम जानकी मन्दिर पुस्तकालय निर्माण | १०४७८७३ | ९२७३३० | १२०५४३ |
| १४ | दुर्गा मन्दिर धर्मशाला निर्माण ठूलो वालापुर | १६२१८८१ | १४४६९९६ | १७४८८५ |
| १५ | करुवानी गाउँदेखि चोकसम्म सडक कालोपत्रे | ३४८३१२२ | ३०५४२९६ | ४२८८२६ |
| १६ | तरकुलादेखि सेखुवाना कालोपत्रे | २२४४१९३ | १९३१९९७ | ३१२१९६ |
| १७ | पुर्जाको घरदेखि उत्तर जाने बाटो कालोपत्रे | १४११८४१ | १२६१००० | १५०८४१ |
| १८ | पुनमपथदेखि केवटलिया सडक ग्राभेल र नालि | ४२८३४४६ | ३७७३९३७ | ५०९५०९ |
| १९ | नयांगाउँ सडक कालोपत्रे | ११०३०१२ | ९७०००० | १३३०१२ |
| २० | थारु कल्याणकारी अधुरो थारु संग्राहलय निर्माण | २०३५५६८ | १८२७४०९ | २०८१५९ |

(१) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायबाटको आम भेला गराई सो भेलाबाट उपभोक्ता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा माथि उल्लेखित योजनाहरुको उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा ठेगाना र सम्पर्क फोन नंम्बर एवम केही योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति समेत उल्लेख नगरेको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको पाइएन ।

(२) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेका काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण समेत गराउनुपर्नेमा माथि उल्लेखित उपभोक्ताहरुले नियममा व्यवस्था भए बमोजिमको खर्चको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सूचना टाँस गरेको तथा सार्वजनिक परीक्षण गराएको पाईएन। तसर्थ यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ।<br>(३) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए पश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको पालिकाबाट सञ्चालित योजनाहरुको निर्माण सम्पन्न पश्चात नियममा व्यवस्था भए अनुसार पालिकाबाट केहि योजनाहरुको अनुगमन निरिक्षण नभएको अनुगमन भएको योजनाहरुमध्ये केहि योजनाको प्रतिबेदनमा संयोजक तथा अन्य पदाधिकारी दस्तखन नभएको अनुगमन प्रतिबेदनमा अनुगमनबाट देखिएका व्यहोराहरु उल्लेख गरेको पाइएन। साथै ति योजनाहरु उपभोक्तालाइ हस्तान्त्रण नभएको तथा उपभोक्ताहरुले सम्पन्न योजनाहरुको अभिलेख राखेको नपाइएकोले यस सम्बन्धमा नियममा भएको व्यवस्था बमोजिम सुधार हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **मू अ कर दर्ता नभएकासँग खरिद**<br>आयकर ऐन २०५८ को दफा तथा उपभोक्ता समितिसंगको सम्झौताको बुदाँ नं ८ मा रु २००००।०० भन्दा बढी रकमको मालसामान खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मसँग खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा देहायमा उल्लेख भएका उपभोक्ताहरुले योजना सञ्चालन गरी ति योजनामा आवाश्यक निर्माण सामाग्रि लगायतका मालसामान खरिद गर्दा ऐन तथा सम्झौतामा व्यवस्था भए अनुसार रु २००००।०० बढीको सामाग्री मू अ कर दर्ता नभएका फर्मसँग खरिद गरेको देखिएको हुनाले पालिकाले यस सम्बन्धमा ध्यान दिई ऐन तथा सम्झौता अनुसार गर्नु गराउनु पर्ने देखिन्छ । | |

| योजना र उपभोक्ताको नाम | बिबरण | खरिद रकम |
|---|---|---|
| भेलाई गाउँ सडक पि सि सि निर्माण | ५ वटा सप्लायर्सको ५ वटा बिल | ११५५०० |
| सियारी गा पा सिमानादेखि कर्मडांडासम्म सडक कालोपत्रे | ४ वटा सप्लायर्सको १२ वटा बिल | २१६९८० |
| दुर्गा मन्दिर धर्मशाला निर्माण | ७ सप्लायर्सको ३३ बिल | ४०४८२४ |
| करुवानि गाउँदेखि चोकसम्म सडक कालोपत्रे | २ वटा सप्लायर्सको ७ वटा बिल | १२६५६० |
| तरकुलादेखि सेखुवानासम्म सडक कालोपत्रे | ३ वटा सप्लायर्सको १५ वटा बिल | २९५४०० |
| पूर्जाको घरदेखि उत्तर जाने सडक कालोपत्रे | १ वटा सप्लायर्सको १० वटा बिल | १९९४०० |
| पुनमपथदेखि केवटलिया सडक ग्राभेल | ४ वटा सप्लायर्सको २७ वटा बिल | ३७३१७० |
| अधुरो थारु संग्रहालय भवन निर्माण | ३ वटा सप्लायर्सको ७ वटा बिल | १२१६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **उपभोक्ताबाट जटिल संरचना निर्माण**<br>खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । | |

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | कामको बिबरण | भुक्तानि रकम |
|---|---|---|---|
| १४०।२०७७।११।९<br>१७५।२०७७।१२।९ | पट्खौली अधुरो सामूदायिक भवन उ स | भवन निर्माण | ७२३९१७ |
| १४२।२०७७।११।१०<br>१८६।२०७७।१२।१३<br>३।२०७७।१२।१३ | शम्शेर आ बि पूर्व नरैनापुर सडक कालोपत्रे उ स | कालोपत्रे | २४०७३५४ |
| १९१।२०७७।१२।१९ | प्रसौनी सडक कालोपत्रे उ स | कालोपत्रे | ९७०००० |
| २२९।२०७८।१।१६ | दुर्गा मन्दिर पछाडी सडक कालोपत्रे | कालोपत्रे | १४५३३६२ |
| १।२०७७।१०।२३ | भगत सर्वजित स्मृति अधुरो भवन निर्माण | भवन निर्माण | १४४५९२० |
| १९०।२०७७।१२।१८ | सियारी गा पा सिमानादेखि कर्मडाँडासम्म कालोपत्रे उ स | कालोपत्रे | २८३००९५ |
| २११।२०७८।१।३ | करुवानी गाउँदेखि चोकसम्म सडक कालोपत्रे उ स | कालोपत्रे | ३०५४२९६ |
| १२।२०७८।१।२०<br>२३४।२०७८।१।२० | तरकुलादेखि सेखुवानासम्म सडक कालोपत्रे उ स | कालोपत्रे | १९३१९९७ |
| २३८।२०७८।२।३ | पुर्जाको घरदेखि उत्तर जाने सडक कालोपत्रे उ स | कालोपत्रे | १२६१००० |
| ४७,३५२,२२,५४।२०७८।३।३० | पुनमपथदेखि केवटलिया सडक ग्राभेल उ स | ग्राभेल | ३७७३९३७ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २६०।२०७८।३।७ | नयाँ गाउँ सडक कालोपत्रे उ स | कालोपत्रे | ९७०००० | |
| | | | | ३४।२०७८।३।२६ | अधुरो थारु संग्रहालय निर्माण उ स | भवन निर्माण | १८२७४०९ | |
| ४७ | | | **खर्च अनुमोदन तथा बिबिध खर्च**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको प्राबिधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पट्खौली अधुरो सामूदायिक भवन निर्माण कार्यको प्रथम प्राबिधिक मूल्यांकन रु ४६३४१९।०० र दोश्रो प्राबिधिक मूल्यांकन रु ३४६२४० गरी कुल मूल्यांकन रु ८०९६५९।०० भइ उपभोक्ताको योगदान रु ८५७४२।०० कट्टा गरी रु ७२३९१७।०० भुक्तानी दिएकोमा नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिको बैठकबाट प्रथम किस्ताको रु ४६३४१९।०० अनुमोदन गरेको पाईएन । यसरी उपभोक्ता समितिबाट निर्माण कामको सम्पूर्ण मूल्यांकन रकम तथा बिल भरपाईको अनुमोदन नभएको अवस्थामा योजना फरफारक गर्नु नियमसम्मत देखिएन ।<br>(१) सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रशासनिक तथा बिबिध खर्च समावेश गर्न पाइने व्यवस्था छैन । पट्खौली अधुरो सामूदायिक भवन निर्माण कार्यको लागि रु ९८००।०० बिबिध खर्च दिएको हुनाले असुल हुनुपर्ने रु.... | | | | | ९,८०० |
| ४८ | 223 | २०७८-१-१४ | **आनुपातिक कट्टी कम भएको**<br>सार्वजिन खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिको भुक्तानिमा लागत अनुमानमा समाबेश भएको जनश्रमदानको अंश कट्टि गरेर मात्र भुक्तानि दिनु पर्ने उल्लेख छ । पननि पि सि सि ढलान उपभोक्ता समितिसँग सम्झौता हुदाँ उपभोक्ता समितिले १०.०४ प्रतिशत व्यहोर्ने गरी कुल लागत अनुमान रु १६१७३७८।०० तयार गरी सम्झौता भए अनुसार निर्माण कामको प्राबिधिक मूल्यांकन रु १६१४१२१।०० भएको हुदाँ पालिकाले उपभोक्ता समितिबाट रु १६२०५८।०० आनुपातिक कट्टि गरी रु१४५२०६३।०० मात्र भुक्तानि दिनुपर्नेमा गो भौ नं २२३।२०७८।१।१४ बाट रु १४५५०००।०० भुक्तानि भएकोले बढी भुक्तानि भएको रु २९३७।०० असुल हुनुपर्ने रु.... | | | | | २,९३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **पाठ्यपुस्तक खरिद**<br>सोझै खरिद: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायले वार्षिक खरिद योजना बनाइ एकैपटक प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नुपर्नेमा उल्लेखित व्यवस्थाको पालना नगरी निम्न अनुसार गरेको खरिद कार्य नियमित नदेखिएको रु.<br><table><tr><td>भौ.नं./मिति</td><td>फर्मको नाम</td><td>कामको विवरण</td><td>रकम</td></tr><tr><td>1232-078/3/25</td><td>रेसुङ्गा स्टेशनरी एण्ड जनरल स्टोर्स</td><td>अग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद</td><td>498735</td></tr><tr><td>1233-078/3/25</td><td>न्यू रेसुङ्गा बुक्स एण्ड स्टेशनरी सेन्टर</td><td>अग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद</td><td>497340</td></tr><tr><td>1233-078/3/25</td><td>बुद्धभुमि स्टेशनरी स्टेशनरी</td><td>अग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद</td><td>497487</td></tr><tr><td>1237-078/3/25</td><td>अपेक्षा स्टोर</td><td>अग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद</td><td>446674</td></tr><tr><td>1238-078/3/25</td><td>राजस्टेशनरी एण्ड जनरल सप्लायर्स</td><td>अग्रेजीमाध्यमको पाठ्यपुस्तक खरिद</td><td>379821</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>2320057</td></tr></table><br>अत पालिकाले निजी विद्यालयहरुले पढाउने पाठ्यक्रम खरिद गरी रु २३४००५७ खर्च गरेको छ ।पालिकाले १ कक्षाको रु १२८७, २ कक्षाको रु १४२२, ३ कक्षाको रु १४९० का दरले पाठ्यपुस्तक खरिद गरेको छ । पालिकाले अङग्रेजी माध्यमको पुस्तक गरिद गर्दा पाठ्यक्रम विकास केन्द्रले व्यवस्थापन गरेको अङग्रेजी माध्यमको पाठ्यपुस्तक नै प्रयोग गरि पाठ्यपुस्तक खरिदमा मितव्ययिता कायम गर्नुपर्दछ । | २,३२०,०५७ |
| ५० | | | **गुणस्तर परीक्षण** | १८,६९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

पालिका उपभोक्ता समितिबिच सम्झौता भइ सडक निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख नगरी लागत अनुमान तयार गरी सोही अनुसार काम गराइ नापि बिल र कार्य सम्पन्न प्रतिबेदनमा चेनेज नं उल्लेख नगरी भुक्तानि दिने गरेको पाइएको हुनाले एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा समेत हुने हुदाँ जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । साथै उपभोक्ता समितिलाइ भुक्तानि दिदाँ देहाय अनुसार देखिएको छ ।

(१) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक कामको प्राबिधिक मूल्यांकन बिल भर्पाइ र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नपर्ने व्यवस्था रहेको छ । देहायका उपभोक्ता समितिबाट निर्माण कामको गुणस्तर परीक्षण वापत रकम भुक्तानि दिदा उपभोक्ताबाट पेश भएको बिजक तथा सम्झौता भन्दा बढी रकम भुक्तानि भएकोले असुल हुनुपर्ने रु....

| उपभोक्ताको नाम | गुणस्तर परीक्षणको भुक्तानी रकम | सम्झौता वा पेश भएको बिजक रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|
| शम्शेर आ बि पूर्व नरैनापुर सडक कालोपत्रे उ स | २८५५९ | २५००० | ३५५९ |
| खुन्सा लालपुर सडक निर्माण उ स | १५००० | ८९२७ | ६०७३ |
| करुवानि गाउँदेखि चोकसम्म सडक कालोपत्रे उ स | ३४०५९ | २५००० | ९०९५ |
| जम्मा | ७७६१८ | ५८९२७ | १८६९१ |

(२) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक कामको प्राबिधिक मूल्यांकन बिल भर्पाइ र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिबाट निर्माण कामको लागि पेश भएका बिल भरपाई परीक्षण गर्दाअधिकांश डोर हाजिरमा खुलाउनुपर्ने सम्पूर्ण व्यहोरा लगायतका बिबरण उल्लेख गरी सो हाजिर प्रमाणित भएको नपाइएको हुदाँ निर्माण काममा वास्तबिक रुपमा ति कामदारहरुले काम गरी रकम भुक्तानी भएको हो भन्न सकिने अवस्था रहेन साथै देहायमा उल्लेख गरिएका उपभोक्ता समितिहरुबाट पेश भएका डोर हाजिरमा काम गरेका कामदारहरुले रकम बुझिलिएको दस्तखत नभएकोले सो रकमका सम्बन्धमा पालिकाले यकिन गरी सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल उपर गर्नुपर्दछ । तसर्थ पालिकाले यस प्रकारका निर्माण काममा पेश हुने बिल भरपाइका सम्बन्धमा जाँचबुझ गरी बास्तबिकता यकिन गरेर मात्र भुक्तानि दिनु पर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उपभोक्ताको नाम | कामदारको संख्या | रकम | | |
| | | | | शम्शेर आ बि पूर्व नरैनापुर सडक कालोपत्रे | २१ | १७९३२५ | | |
| | | | | भगत सर्वजित स्मृति अधुरो भवन निर्माण | १४ | १३२३२५ | | |
| | | | | राम जानकी मन्दिर प्रसौनिको कम्पाउण्डवाल निर्माण | ३१ | ३४०००० | | |
| ५१ | | | **राजश्व असुली र दाखिला** | | | | | |
| ५१.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको लागि श्रावण, भाद्र र आश्विन तथा आषाढ महिनाको राजश्व प्राप्ती र दाखिला मिति परीक्षण गर्दा कार्यालयले निम्नानुसार राजश्व शाखा र वडा कार्यालयहरुबाट राजश्व रकम ढिला गरी दाखिला गरेकोमा ऐन बमोजिम जरिवाना र कारवाही गरेको छैन । ऐनबमोजिम निम्नानुसार व्यक्तिहरुबाट ढिलो दाखिला भएको र दाखिला हुन बाँकी रकममा ऐनअनुसार जरिवाना सहित रकम असुल गर्नुपर्ने रु. | | | | | ८५,३५० |

| वडा नं. | गो.भौ.र मिति | राजश्व प्राप्त भएको महिना | ढिलो दाखिला मिति | रकम | जरिवाना | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|
| राजश्व | 3-2077/06/07 | श्रावण र भाद्र | 2077/06/01 | 63700 | 6370 | सुशिल पन्थी |
| 3 | 2-2077/06/07 | श्रावण र भाद्र | 2077/06/05 | 85579 | 8558 | श्रीधर जि.सी. |
| 6 | 4-2077/06/13 | श्रावण | 2077/6/11 | 59319 | 5932 | संजय कुमार यादव |
| 6 | 5-2077/06/13 | भाद्र | 2077/06/11 | 35389 | 3539 | संजय कुमार यादव |
| 4 | 6-2077/07/23 | श्रावण र भाद्र | 2077/6/13 | 131256 | 13126 | गिर्जापति चौधरी |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (table continued below) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | 9-2077/07/27 | असोज | 2077/07/04 | 39353 | 3935 | श्रीधर जि.सी. |
| 5 | 10-2077/07/27 | श्रावण देखि असोज | 2077/07/04 | 179000 | 17900 | राज अली अन्सारी |
| 6 | 13-2077/07/27 | असोज | 2077/07/19 | 108205 | 10820 | संजय कुमार यादव |
| राजश्व | 17-2077/8/11 | श्रावण र भाद्र | 2077/06/26 | 33000 | 3300 | शारदा शर्मा |
| 2 | 20-2077/08/11 | असोज | 2077/07/28 | 35703 | 3570 | टेकराज श्रेष्ठ |
| 4 | 2077/09/28 | असोज | 2077/7/21 र 7/28 | 83000 | 8300 | गिर्जापति चौधरी |
| जम्मा | | | | 853504 | 85350 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.२ | | | असुली गर्न बाँकी आन्तरिक आय – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । ऐनबमोजिम गाउँपालिकाले सम्बन्धित ठेकेदारसँग गरेको कबुलियतनामाको बुँदा नं.2 मा कुनै कारणबाट गाउँपालिकालाई तिर्नुपर्ने रकम बाँकी रहि असुल गर्नुपरेमा १० प्रतिशत हर्जाना लगाई असुल गर्न सक्ने व्यवस्था गरेको छ । यस स्थानीय तहले यो वर्ष पोखरी ठेक्का विभिन्न ६ जना व्यक्तिहरुलाई १० वर्षको लागि बन्दोबस्त गरेकोमा निम्नानुसार 5 जना ठेकेदारसँग बार्षिक रु.487546.94 (भ्याट र अग्रिम करसहित) मा सम्झौता भएकोमा आ.व. को अन्तिमसम्ममा रु.50091.24 मात्र बैँक दाखिला भई बार्षिक रु.437455.7 ठेक र त्यसमा लाग्ने १० प्रतिशत जरिवाना रु.43745.57/- सहित रु.481202/- सम्बन्धित ठेकेदार बाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ४८१,२०२ |

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौतारकम | दाखिला रकम | बाँकी रकम | जरिवाना सहित बाँकी |
|---|---|---|---|---|---|---|
| 1 | केदार यादव | ORM-28-76/77 | 243012.94 | 21957.24 | 221055.7 | 243162 |
| 2 | मान बहादुर थारु | ORM-29-76/77 | 12995 | 1495 | 11500 | 12650 |
| 3 | | ORM-30-76/77 | 62715 | 7215 | 55500 | 61050 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | निर्मला कुमारी निसाद | | | | | | | |
| | | | | 4 | राजेन्द्र हरिजन | ORM-32-76/77 | 141252 | 16252 | 125000 | 137500 | | |
| | | | | 5 | निर्मला कुमारी निसाद | ORM-33-76/77 | 27572 | 3172 | 24400 | 26840 | | |
| | | | | जम्मा | | | 487546.94 | 50091.24 | 437455.7 | 481202 | | |

गाउँपालिकाले मिति 2077/03/01 मा प्रकाशित आय ठेक्काको सूचनामा ठेक्का रकमको ५ प्रतिशतले हुने रकम धरौटी स्वरुप गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको भौचर दरभाउपत्र साथ संलग्न हुनुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले आय ठेक्का नं.ORM-31/076/77 प्रकाशित गरेकोमा वेचन प्रसाद यादवले भ्याटबाहेक रु.1051000/- कबोल गरेकोमा ५ प्रतिशतले हुन आउने रकम रु.52550/- हुनुपर्नेमा रु.20750/- मात्र धरौटी खातामा जम्मा गरेको र आय ठेक्का नं.ORM-31/076/77 प्रकाशित गरेकोमा मोतिलाल नाउँले भ्याटबाहेक रु.1580575/- कबोल गरेकोमा ५ प्रतिशतले हुन आउने रकम रु.79000/- हुनुपर्नेमा रु.19250/- मात्र धरौटी खातामा जम्मा गरेको पाईयो । उपरोक्त दुबै ठेकेदारले आय ठेक्का तोडेकोमा दुबैको धरौटी जफत गरेको भएपनि सम्झौता अनुसार 131550/- जफत हुनुपर्नेमा वास्तविक रुपमा धरौटी प्राप्त भएको रु.40000/- मात्र सदरस्याहा भएको पाईयो । ठेक्का सम्झौता गर्दा सूचना र ऐनको व्यवस्था अनुसार नै हुने गरी गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.३ | | | कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>आय शिर्षक \| अनुमान \| असुली \| असुली प्रतिशत<br>भुमिकर / मालपोत \| 1000000 \| 1286059.17 \| 128.6<br>घरबहाल कर \| 3500000 \| 6128382.24 \| 175<br>वहाल विटौरी कर \| 2500000 \| 0 \| 0<br>सिफारिस दस्तुर \| 2000000 \| 3218993.93 \| 161<br>व्यवसाय रजिष्ट्रेशन दस्तुर \| 1500000 \| 1838102 \| 122.54<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ५१.४ | | | गाउँपालिकाले टेलिफोन सेवा प्रदायक संस्ठा एनसेलबाट विभिन्न ९ जना घरधनीहरुलाई तिर्नुपर्ने बहाल रकममा लाग्ने घरबहाल कर प्राप्त गरेकोमा घरधनीसँग भएको घरभाडा सम्झौता हेरेर वास्तविक घर बहाल कर परीक्षण गरी प्राप्त गर्नुपर्नेमा सेवा प्रदायकले आफैले गणना गरी ल्याएको कर वापत रु.124046.61 प्राप्त गरेको पाईयो । राधिका गुप्ता, सुब्बा भट्टराई, सारदा देवी केवटिन, राम देआई केआन, पार्वती भुसाल सापकोटा, भीमकला ज्ञवाली, जमुना गुप्ता, राधेश्याम चाई र विनोद कुमार पाण्डे लाई घरभाडा सम्झौताबाट घरबहाल कर कट्टी गरी एनसेलले (NCELL) पालिकामा बुझाएको बहाल करसँग घरभाडा सम्झौता संलग्न नभएकोले घरबहाल कर एकिन गर्न सक्ने सकिएन । घरबहाल रकम प्राप्त गर्दा घरधनीसँग भएको घरभाडा सम्झौता समेत एकिन गरी घरबहाल प्राप्त गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.५ | | | पालिकाले असुल गरेको कर तथा गैरकर राजस्व तोकिए बमोजिमको अवधीभित्र सञ्चित कोष दाखिला गरेको छैन । गाउँपालिकाको वडा नं. 5 ले रु.1191882.51 आम्दानी प्राप्त गरेकोमा बैँक दाखिला परीक्षण गर्दा रु.1187448 मात्र बैँक दाखिला भएको र बाँकी रकम रु.4433.71 र सोको १० प्रतिशत जरिवाना समेत वडा सचिव श्री राज अली अन्सारीबाट रु.4877 र वडा नं. ६ ले रु.893098.31 आम्दानी प्राप्त गरेकोमा बैँक दाखिला परीक्षण गर्दा रु.789769.31 मात्र बैँक दाखिला भएकोमा बाँकी रु.103329/- तथा सोको १० प्रतिशत जरिवाना समेत कार्यालय सहयोगी श्री शिवनाथ केवटबाट रु.113662/- सहित रु.118539 असुल गरी दाखिला गर्नुपर्ने रु. | ११८,५३९ |
| ५२ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २२ (नगर प्रहरी १० समेत) जना कर्मचारीहरू करारमा राखि रु. ४७३३०६४.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक स्वास्थ्य तर्फ ३ जना, कृषि प्राविधिक एक नियुक्ति गरी बर्षभरीमा रु. ८७१००० भुक्तानी गरेको अनियमित देखिएको रु. | ८७१,००० |
| ५३ | | | **सफ्टवेयर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले योजना सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.२२६०००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । पालिकाले सफ्टवेयरको कार्य सन्तोषजनक भएपछिमात्र भुक्तानी दिने तर्फ ध्यान दिनपर्दछ । | |
| ५४ | | | **पदाधिकारी सेवा सुविधा**<br>पदाधिकारी अन्य सुविधा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु १५३६००० टेलिफोन तथा मोवाइल रु.१११००० पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. १००८००० समन्वय तथा सहजीकरणमा रु १७२८००० अतिथि सत्कारमा रु. ४२०००० खानेपानी विजुली सरसफाईमा रु.२४०००० समेत रु.६३४४००० खर्च भुक्तानी गरेको देखियो ।<br>कार्यालयले उल्लिखित अनुसारको रु.६३४४००० भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |

| सि न | विवरण | अध्यक्ष | उपाध्यक्ष | ६ वडाअध्यक्ष | ६ कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा ३४ जना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४०००० | २१६००० | १४४००० | ७२०००० | ११२८००० |
| २ | यातायात खर्च | | १४४००० | ६००००० | ३६०००० | ४३२००० | १५३६००० |
| ३ | टेलिफोन मोबाइल | ४२००० | ३६००० | २१६००० | २१६००० | ६००००० | १११०००० |
| ४ | पुस्तक पत्रिका | ४८००० | ४८००० | २१६००० | २१६००० | ४८०००० | १००८००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ४३२००० | ३६०००० | ७२०००० | १७२८०००६ |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | २८८००० | ० | ० | ७४२०००० |
| ७ | खानेपानी विजुली | १२०००० | १२०००० | ० | ० | ० | ८२४०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ७२००० | ६०००० | १४४०००० | ३०२००० |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | ४१७००० | ५१९००० | १८२४००० | १२२४००० | २३७२००० | ६३४४००० | | |
| ५५ | | | **कार्यक्रम संचालन**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ । पालिकाले लागू औषधी दुव्यसर्न नियन्त्रण कार्यक्रमका लागि श्रृजनशिल समाज नेपालसँग सम्झौता गरि कार्यक्रम संचालन गरेको छ । कार्यक्रम संचालनका लागि पेश गरेको कार्ययोजना अनुसार श्रृजनशिल समाज नेपालले तलब यातायात खाजा प्रशिक्षक जस्ता कार्यका लागि बजेटको माग गरेको छ । श्रृजनशिल समाज नेपालले एकमुष्ट विल पेश गरि पालिकाले भुक्तानी गरेको छ । कार्यक्रमको कार्ययोजना अनुसार संचालन भए नभएको पुष्टि हुने विल भरपाइ पेश नगरि भुक्तानी भएको एकिन गर्न नसकिएको रु | | | | | | | | | | ४९८,८३८ |
| ५६ | | | **कर्मचारी प्रोत्साहन**<br>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । ओमसतिया गाउँपालिकाले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि निर्माण गरी रू. २७ लाख कर्मचारी प्रोल्साहन तथा प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता रु १४ लाख ९६ गरि जम्मा रु ४१ लाख ९६ हजार खर्च लेखेकोमा अर्थ मन्त्रालयको खर्च मापदण्ड निर्देशिका २०७८ (संशोधन) पश्चात प्रोत्साहन भत्ता उपलब्ध नगराएको देखिन्छ । कानुन निर्माण गरेर भुक्तानी दिन सकिनेमा कार्यविधिको भरमा दिएको अनियमित देखिन्छ । कानून निर्माण नगरि खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | | | | | | | | | | |
| ५७ | | | **पोशाक खर्च नगद वितरण**<br>पालिकाले कुनै पनि कार्यक्रम संचालनको गर्दा कार्यक्रमका लागि हुने खर्च वितरणलाई बैंक मार्फत भुक्तानी गर्नुपर्नेमा पालिकाले ७५ जना महिला स्वंम सेविकालाई पोसाक वापतको १०००० का दरले रु ७५०००० ।- नगद वितरण गरेको छ । पालिकाले यसतो कार्यमा नियन्त्रण गरी यसता कार्यलाई बैंक मार्फत गर्नमा जोड दिनु पर्दछ । | | | | | | | | | | |
| ५८ | | | **स्वास्थ्यतर्फको तलब भुक्तानी**<br>निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर पालिका भित्र रहेका स्वास्थ्य तर्फको कर्चमारीहरुको तलब परीक्षण गर्दा निम्न कर्मचारीहरुको तलब भुक्तानी गर्दा तलबि प्रतिवेदनमा भन्दा बढी | | | | | | | | | | ७९,९२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी दिएको देखिन्छ । तसर्थ बढी भुक्तानी दिएको असुल हुनुपर्ने रु | |

| कर्मचारीको नाम | महिना | बढी ग्रेड भुक्तानी संख्या | भुक्तानी दर | रकम |
|---|---|---|---|---|
| पिताम्बर पाठक | ७ | ८ | १२६२ | १००९६ |
| भगवति नेपाल घिमिरे | ७ | ८ | १२०० | ९६०० |
| सुस्मिता खत्री | ७ | ८ | १२०० | ९६०० |
| दिपक ज्ञवाली | ७ | ८ | १२०० | ९६०० |
| इश्वरी सिंह | ७ | ८ | ९४० | ७५२० |
| रिता थनैत | ७ | ९ | ९४० | ८४६० |
| रत्ना चौधरी | १२ | १४ | ८८७ | १२४१८ |
| शान्ता राणा | ७ | १० | ८८७ | ८८७० |
| ज्ञान्ति देवी चौधरी | १ | १ | ९४० | ९४० |
| मनकुमारी धर्ती | १ | १ | ९४० | ९४० |
| अफताव हुसेन | २ | १ | ९४० | ९४० |
| श्रीकृष्ण यादव | १ | १ | ९४० | ९४० |
| जम्मा | | | | ७९९२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले पटक पटक गरी उक्त प्रक्रिया वेगर रु. ११३५४३० ।- का औषधि सोझै खरिद गरेको छ । | |
| ६० | | | **स्वास्थ्य कार्यक्रम**<br>कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **माछापोखरी ठेक्का**<br>रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, 2020 को दफा 14 (1) मा किस्ताबन्दीमा कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा सो ठेक्का लिन कबुल गर्ने व्यक्तिबाट निजले बुझाउनुपर्ने जम्मा ठेक रुपैयाँको चार खण्डको एक खण्ड बराबर जमानत वा नगद रुपैयाँ डिपोजिट लिएर ठेक्का बन्दोबस्त गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसार ठेकेदार लाई माछापोखरी 10 वर्षका लागि आय ठेक्कामा लगाई सम्झौता गराएकोमा ऐनले तोके बमोजिम डिपोजिट जम्मा गराएको छैन । ऐनको व्यवस्था बमोजिम ठेक्का सम्बन्धी सूचना तथा सम्झौतामा डिपोजिट गर्नुपर्ने रकम उल्लेख नगरी ठेक्का सम्झौता गरेकोले ठेक्का कबोल गर्ने व्यक्ति तथा संस्थाले आय ठेक्का तोडेमा जमानत बाट असुल गर्न सक्ने देखिएन ।कार्यालयले ऐनबमोजिम आय ठेक्का कबोल गर्ने व्यक्ति तथा संस्थाबाट डिपोजिट राखेर मात्र आय ठेक्का संचालन गरिनु पर्दछ । | |

| ठेक्का नं. | ठेकेदारको नाम | कबोल अंक (भ्याटबाहेक) | 25% डिपोजिट |
|---|---|---|---|
| ORM-28-76/77 | केदार यादव | 2150557 | 537639 |
| ORM-29-76/77 | मान बहादुर थारु | 115000 | 28750 |
| ORM-30-76/77 | निर्मला कुमारी निसाद | 555000 | 138750 |
| ORM-31-76/77 | मान बहादुर थारु | 905000 | 226250 |
| ORM-32-76/77 | राजेन्द्र हरिजन | 1250000 | 312500 |
| ORM-33-76/77 | निर्मला कुमारी निसाद | 244000 | 61000 |
| | | 5219557 | 1304889 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **पेश्की बाँकी** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२.१ | 1 | २०७७-४-१ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | ६२५,००० |

| क्र.स. | पेश्की लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|
| 1 | रिजेन्सी बिल्डर्स प्रा.लि. | 758000 | म्याद ननाघेको |
| 2 | निर्मला पाण्डे | 100000 | म्याद नाघेको |
| 3 | शंकर भण्डारी | 175000 | म्याद नाघेको |
| 4 | बिमला भुसाल | 350000 | म्याद नाघेको |
| 5 | ए एण्ड ए विल्डर्स प्रा.लि. | 166398 | म्याद नाघेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२.२ | ७३८ | २०७७-१२-९ | आन्तरिक लेखापरीक्षण बाट कायम बेरुजुः वडा सचिव टेकराज श्रेष्ठलाई सर्जमिन मुचुल्का गर्दाको वखत ५० प्रतिशत रकम भुक्तानी दिनुपर्नेमा १०० प्रतिशत भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.1128/- सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | १,१२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६४ | | | **निशुल्क पाठयपुस्तक**<br>मन्त्रालयको परिपत्र अनुसार कोभिड कारणले उत्पन्न परिस्थितिले शैक्षिक सत्र ढिला भएकोले एकमुष्ट अनुदान दिने परिपत्र गरिए बमोजिम पालिकाभित्र रहेका विधालयहरुले विधार्थी संख्या यकिन गरी पाठ्यपुस्तक खरिद गरी वितरण गरिनु पर्दछ । तर विधालयहरुको विधार्थी संख्या यकिन हुन नसकि एकमुष्ट फ्लास रिपोर्टको आधारमा खरिद गरेकोले नमुना छनौटको रुपमा परिक्षण गर्दा निम्न विधालयहरुले विधार्थी संख्या भन्दा बढी खरिद गरेकोले मौज्दात रहेको देखिन्छ । | |

| विधालयको नाम | विधार्थी संख्या | खरिद परिमाण | बढी परिमाण |
|---|---|---|---|
| ठुटिपिपल मा.वि. | २६४ | ३०५ | ४१ |
| पटकौली मा वि | १८९ | २०७ | १८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **टुक्रापारी खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । तर पालिकाले निम्न सामग्रीहरु टुक्रापारी खरिद गरेको अनियमित देखिएको रु | ६९७,२२० |

| भौ.न.\मिति | शिर्षक | भुक्तानी | रकम |
|---|---|---|---|
| ३३८-०७८।३।२५ | सौर्य उर्जा प्रविधि जडान | अमित ट्रेडर्स एण्ड अटो इलेक्ट्रिक | ३४८६१० |
| ३३९-०७८।३।३५ | सौर्य उर्जा प्रविधि जडान | सम्बृध नेपाल इनर्जी प्रालि | ३४८६१० |
| जम्मा | | | ६९७२२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | अनुगमन तथा सम्परीक्षण | |

**अनुगमन तथा सम्परीक्षण**–स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

(रु हजारमा)

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ३४६५७२४४.१३ | २१७८५९५.४६ | ३२४७८६४८.६७ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| आ व | दफा नं | बेरुजु सम्परोक्षणको व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|
| ०७६।७७ | ३३ | अंपाग सम्मान कार्यक्रममा सम्मानितको भरपाइ पेश भएको | ५०००० | |
| ०७६।७७ | ४१ | मुल्य अभिवृद्धि कर दाखिला भएको | ३८७०१८ | |
| ०७६।७७ | ५० | बढी भुक्तानी भएको | ८१४८.४७ | |
| ०७६।७७ | ६४ | सामाजिक सुरक्षा कर | ३८८० | |
| ०७६।७७ | ६८ | प्रधानमन्त्री रोजगार कार्यक्रमको विलभरपाइ | २४०० | |
| ०७६।७७ | ७५ | जमानत जफत | १२८७०० | |
| ०७६।७७ | ८८ | ६२८–०७७।२।२९ सवारी साधन मर्मत विल नभएको | १०००० | आ ले प वेरुजु |
| | | ५९–०७६।८।१८ करचुक्ता प्रमाण पत्र नभएको | ४९२३६० | आ ले प वेरुजु |
| | | ५३३–०७७।३।१८ भरपाइ पेश नभएको | ३८८०० | आ ले प वेरुजु |
| | | ९०–०७७।२।२७ पारिश्रमिकको आधार | ७४२०० | आ ले प वेरुजु |
| | | ३–०७६।६।१४ लागत अनुमान तयार नभएको | १५०००० | आ ले प वेरुजु |
| | | ३६–०७६।१२।२६ तुलनात्मक तालिका नभएको | २३४००० | आ ले प वेरुजु |
| | | ४२–०७६।१२।२७ सोझै खरिद | ५६००२७ | आ ले प वेरुजु |
| | | संजय कुमार यादवको कम दाखिला | ३९०६२ | आ ले प वेरुजु |
| | | जम्मा | २१७८५९५.४७ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | अद्यावधिक वेरुजु<br>**अद्यावधिक वेरुजु -**यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br>(रु हजारमा) | |

| गत वर्षसम्मको बाँकी बेरुजू(A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३४६५७२४४.१३ | २१७८५९५.४६ | १११०६६४२ | ० | ४३५८५२९०.६७ |